समयमै श्रम अडिट गरौँ । जिम्मेवार प्रतिष्ठानको परिचय दिऔँ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

बुद्ध दर्पण
राष्ट्रिय दैनिक
The Buddha Darpan National Daily




वर्ष ५ अंक २३५ | ३ चैत २०७६ सोमबार | 16 March 2020 Monday | पृष्ठ : ४ | मूल्य : ५ रुपैयाँ

### सार्क भिडियो सम्मेलन प्रभावकारी

# कोरोनाविरुद्ध लड्न विशेष सजगता : प्रम ओली



काठमाडौं २ चैत्र

प्रधानमन्त्री केपी शर्मा ओलीले नेपाल सरकारले कोरोनाविरुद्ध लड्न विशेष सजगता अपनाएको बताउनु भएको छ । उहाँले कोरोना भाइरसविरुद्ध लड्न महत्त्वपूर्ण र सामयिक निर्णय लिएकोमा भारतीय समकक्षी नरेन्द्र मोदीलाई धन्यवाद पनि दिनुभयो ।

विश्व नोभेल कोरोना भाइरस अर्थात् कोभिड(१९ ले आक्रान्त भइरहेका बेला दक्षिण एसिया सहयोग संगठन (सार्क) नेताहरुले यसविरुद्धको साझा रणनीति बनाउन गरिएको भिडियो सम्मेलनमा बोल्दै प्रधानमन्त्री ओलीले नेपाल सरकारले कोरोनाविरुद्ध लड्न विशेष सजगता अपनाएको जानकारी गराउनु भएको हो । 'नेपालमा एकजना बाहिरबाट आएका व्यक्तिमा कोरोनाको आशंका गरिएको थियो । तर, जाँचका क्रममा उनलाई कोरोना नेगेटिभ पुष्टि गरिएको थियो । नेपालमा संघ, प्रदेश र स्थानीय सरकारले कोरोनाको रोकथामका लागि पूर्वसावधानी अपनाएका छौं', उहाले भन्नुभयो ।

प्रधानमन्त्री ओलीले कोरोना भाइरसको उच्च जोखिमबारे सचेत रहेको बताउदै भन्नुभयो, 'हामीले राष्ट्रिय र सरकारकातर्फबाट विभिन्न संघसंस्था र सम्बन्धित निकायको सहकार्यमा विभिन्न रणनीतिहरु अपनाएका छौं ।' त्यसैगरी प्रधानमन्त्री ओलीले अन्तराष्ट्रिय यात्रामा प्रतिबन्ध लगाएको, अन-अराइभल भिसामा रोक लगाइएको, सेल्फ क्वारेन्टाइनमा बस्न नागरिकलाई आग्रह गरिएको, तेस्रो मुलुकबाट आउने नागरिकलाई जमिनको बाटो प्रयोग रोक लगाइएको लगायतका सरकारले कोरोना विरुद्ध चालेका कदमहरुको जानकारी गराउनु भयो ।अस्वस्थताका बाबजुद भिडियो सम्मेलनमा सहभागी भएका प्रधानमन्त्री ओलीले प्रधानमन्त्री मोदीसहित अन्य प्रतिनिधिहरुलाई स्वास्थ्य लाभको कामना व्यक्त गरेकोमा धन्यवाद दिनुभयो ।

# काँग्रेसले समाजवाद छाड्यो : प्रवक्ता पौडेल

रुपन्देही २ चैत्र

नेपाली कांग्रेस (वीपी) पार्टीका प्रवक्ता देवेन्द्रप्रकाश पौडेलले नेपाली कांग्रेसले प्रजातान्त्रिक समाजवाद छोडिसकेको दावी गर्नुभएको छ । वीपीको अनुयायी भनेर दावी गर्ने नेपाली कांग्रेस वीपीको समाजवाद र निष्ठाको राजनीतिबाट अलग भैसकेको आरोप पनि लगाउनु भयो ।

नेपाली कांग्रेस (वीपी) द्वारा बुटवलमा शनिवार आयोजना गरिएको पत्रकार सम्मेलनमा बोल्दै प्रवक्ता पौडेलले वीपीको नीति र सिद्धान्तको आधारमा देशमा वैकल्पिक प्रजातान्त्रिक शक्ति निर्माणको खाँचोमा जोड दिनुभयो । मुलुकको राष्ट्रियता र सार्वभौमसत्ताको रक्षाका लागि नेपालमा नयाँ वैकल्पिक राजनीतिक शक्तिको आवश्यकता रहेको उहाँको भनाई छ ।

पौडेलले नेकपा र नेपाली कांग्रेसबाट मुलुकको राष्ट्रियता र सार्वभौमसत्ताको रक्षा हुन नसक्ने पनि दावी गर्नुभयो । उहाँले अहिलेको नेपाली कांग्रेसमा प्रजातान्त्रिक समाजवाद नभएको दावी गर्दै सत्तारुढ दल नेकपामा पनि मार्क्सवाद, लेनिनवाद र माओवाद नभएको दाबी गर्नुभयो ।

उहाँले राष्ट्रियता र मुलुकको सार्वभौमसत्ताको रक्षाका लागि नेपाली कांग्रेस वीपी सहितका साना दलहरु शान्तिपूर्ण आन्दोलनमा जाने तयारीमा रहेको जानकारी समेत दिनुभयो ।

एमसीसी कार्यान्वयनमा आए मुलुकको राष्ट्रियता र सार्वभौमसत्ता थप संकटमा पर्ने बताउदै उहाँले सीमा मिचिँदा समेत दलहरु चुप लाग्नु आश्चर्यजनक छ भन्नुभयो ।

सानो भूगोल र थोरै जनता भएको नेपालले संघीयता थेग्न नसक्ने र देश भाँड्ने बताउँदै धर्मनिरपेक्षताको पक्षमा नेपाली जनता नभएको उहाँको दावी छ ।

## २ दर्जन नेताले देउवा क्याम्प छोडे

नवलपरासी २ चैत्र

नेपाली कांग्रेस पश्चिम नवलपरासीका जिल्ला सभापति अर्जुन पोखेललाई हटाएर विष्णु पौडेललाई नयाँ सभापतिको जिम्मेवारी दिइएपछि पार्टी सभापति शेरबहादुर देउवा निकट जिल्लाका २ दर्जन नेताले देउवा क्याम्प छोडेको घोषणा गरेका छन् । पश्चिम नवलपरासीमा १७ सदस्य रहेको निवार्चित जिल्ला कार्य समितिमा १५ जनाले देउवा क्याम्प छोडेका हुन् । यसअघि ती सबै देउवा पक्षधर थिए ।

देउवानिकट मानिने पूर्व सांसद विक्रम खनाल, पार्टी सभापतिबाट हटाइएका अर्जुन पोखेल, सुनवल नगरपालिकाका मेयर भीमबहादुर थापा, रामग्राम नगरपालिकाका मेयर नरेन्द्र गुप्ता, पार्टी प्रवक्ता कुलदीप आचार्य, जिल्ला पार्टी सचिव विक्रम यादवल गायतले देउवा क्याम्प छोडेको घोषणा गरेका हुन् । केन्द्रीय महाधिवेशनको मिति तोकिएको अवस्थामा जिल्लाका कार्यावहाक सभापतिलाई बिना कारण गलत्याएर फालेपछि देउवासँग बसिरहने कुरै भएन पूर्व सांसद खनालले वताउनु भयो । ७७ जिल्लामध्ये पश्चिम नवलपरासी देउवाको बलियो पकड भएको जिल्ला मान्ने गरिएको छ ।

# तेस्रो मुलुकका पर्यटक नेपाल प्रवेशमा रोक

रुपन्देही २ चैत

चीनको वुहान प्रान्तमा देखिएको कोरोना संक्रमण विश्वव्यापी महामारीको रुपमा फैलिएसंगै अध्यायगमन कार्यालय वेलहियाले तेस्रो मुलुकका पर्यटकहरुका लागि शनिवार रातीदेखि नेपाल प्रवेश अनुमति बन्द गरेको छ । पर्यटकहरुका लागि आगमन विन्दुमा दिईदै आएको सुविधा भिसा अन एराईभल स्थगन गरेको अध्यागमन कार्यालय वेलहियाका प्रमुख गिरीराज खनालले जानकारी दिनुभयो । अध्यागमन विभागले मार्च १४ तारिकको राती १२ वजेबाट लागु हुनेगरी ३० अप्रिल २०२० सम्मका लागि आगमन विन्दुमा दिईदै आएको भिसा अन एराईभल स्थगन गर्ने निर्णयको सार्वजनिक सूचना एवं पत्राचार गरेकाले तत्काल तेस्रो मुलकका पर्यटकहरुका लागि नेपाल प्रवेश वन्द गरिएको जानकारी दिनुभयो । स्थलमार्गबाट आउने पर्यटकहरुमध्ये सबैभन्दा बढी पर्यटकहरु वेलहिया नाकाबाट नेपाल भित्रिने गर्दछन् ।


विश्व स्वास्थ्य सङ्गठनले महामारी रोगको सङ्ज्ञा दिएको कोरोना भाइरसको सङ्क्रमणबाट इटालीमा मृत्यु हुनेको सङ्ख्या शनिबारसम्म एक हजार ४४१ पुगेको छ । स्वास्थ्य अधिकारीले दिएको जानकारीअनुसार सङ्क्रमितको सङ्ख्या शनिबारसम्म १७ हजार ७५० पुगेको छ । कोरोनाको सङ्क्रमणबाट चीनपछि सबैभन्दा धेरै इटालीमै मृत्यु भएको हो । त्यसैगरी बेलायतमा पनि बिरामीको सङ्ख्या एक हजार १४० पुगेको छ ।

बेलायतमा कोरोनाका कारण मृत्यु हुनेको सङ्ख्या भने २१ पुगेको अधिकारीले जनाएका छन् । चीनमा तीन हजार १९९ जनाको मृत्यु भएको छ भने ८० हजार ८४४ जना सङ्क्रमित भएका छन् । चीनमा कोरोनाको सङ्क्रमणमा नाटकीयरुपमा सुधार आएसँगै शहर बजारको आवतजावत खुकुलो पारिएको र उद्योग, कलकारखाना खुल्न थालेका छन् ।









# सम्पादकीय

## नाकाबन्दी हैन, नडराऔँ

भारतले सीमा-नाका बन्द गऱ्यो । हिजो राती १२ बजेदेखि । आवत-जावत गर्न रोक्यो । निगरानी बढायो । स्वास्थ्यजाँच गर्न लगायो । आफुसंग स्वस्थ रहेको प्रमाणपत्र छैन । क्वारेन्टाइनमा बस्ने ठाउँ पनि छैन । के गर्ने ? किन-मेल गर्न जान पाइएन । २/३ महीनाका लागि चाहिने खर्च साँचिएन । मर-मसला र तेल ल्याइएन । लहसुन, प्याज, चिनी, खिर्ची मिर्ची ओसारिएन । कसरी हो चल्ने र दिन गुजार्ने ? अधिकांशका मुखबाट सुन्न पाइएका कुराकानी हुन् यी । अनुरोध छ सवैसंग - कत्ति पनि नआत्तिनुस् । नाकाबन्दी हैन । दुई देशका बीचमा विवाद छैन । कसैले दुश्मनी साँचेको पनि हैन । समस्या पर्दैन । तेल, खाद्यान्न, मर-मसला ३/४ महीनालाई पुग्नेगरी रहेको जनाउ सरकारले गराएको छ । ९ महीनालाई पुग्ने नुन पनि छ अरे । आत्तिन पर्दैन त्यसैले । अधिक भण्डारण गरेर अभाव सिर्जना गर्न पर्दैन कसैले । निश्चिन्त भए हुन्छ सवैले । कुनै ब्यापारीले माल-सामान लुकाएर अभाव सिर्जना गर्न खोजेमा, हिजोको आजै मुल्य बढाएमा, पसलमा हुँदाहुँदै छैन, दिन्न भनेमा खबर गरे हुन्छ पुलिस र प्रशासनमा ।

संसारभरि फैलिएको कोरोना भाइरसको महामारी रोक्न र ओसार-पसार नगर्नका लागि मात्रै सतर्कता अपनाइएको हो । यताको उता र उताको यता रोग सरेर दुःख नहोस् भनेर रोकिएको हो । ठीक भैसकेपछि खोलिन्छ । पहिलेजस्तै आवत-जावत किन-मेल गर्न पाइन्छ, सकिन्छ । गर्मी मौसम बढदै गएको हुनाले धेरै लामो समयसम्म अवरोध नहोला । खुल्ला छिट्टै । डराउन पर्दैन पटक्कै । यसै पनि भारत सरकारले नेपाल र भुटानका लागि समस्या नपर्ने, नपार्ने जानकारी गराएकै छ । बनबासा, सुनौली, रक्सौल र काकडभिट्टा खुल्ला गरेकै छ । अरु केही ठाउँमा पनि खुल्ने सम्भावना छ । आवत-जावत, किन-मेल सहज हुनेछ । रुपैडिहा र रानी भन्सार नाका पनि खोलिदिन नेपाल सरकारले अनुरोध गरेको समाचार आएकै छ । दुवैतर्फ स्वस्थ्यकर्मी राखेर जाँच गर्नुपर्ने, आवरण र उपकरण चाहिने, शंका लागेका विरामीलाई सुरक्षित राख्न सकिने ठाउँ पनि हुनुपर्ने आदि समस्याले गर्दा पनि सवै ठाउँमा ओहोर-दोहोर खुल्ला राख्न नसकेको हो । सरकारको स्वार्थका लागि हैन यस्तो गरेको, जनताकै सुरक्षा र भलाइका लागि हो बन्द गर्न परेको ।

प्लेग, स्वाइन फ्लू, बर्ड फ्लू, डेंगु, हैजा, औलो र विफरजस्तै रोग फैलिदा पनि सतर्कता अपनाइएकै थियो । अहिलेको कोरोना भाइरस नौलो पऱ्यो । छोटै समयमा विश्वभर फैलियो । यसको मृत्युदर धेरै छैन । फैलिने प्रक्रिया मात्रै द्रुत रहेछ । बृद्ध-बृद्धा, अशक्त, कमजोर, दीर्घ रोगीहरुलाई डर रहेछ । अरुले डराउन पर्दैन - हात नमिलाउने, नमस्कार गर्ने, सरसफाइमा ध्यान दिने, बाहिर निस्कँदा मुखमा मालो लगाएर हिड्ने हो भने । सतर्कताका लागि दिइएका सन्देश, विश्व राजनीतिक परिवेश, सिङ्गै युरोप र अमेरिकाले चिनलाई बदनाम गराउन खोलेको खाल र चलेको रणनीतिक चाल, उतैतिर फर्केर जाँदा भएको छ बेहाल ।

# बजार स्वच्छता र सुशासन

**राजेश बर्मा**

व्यवसायी र उद्योगी पनि स्वयं आचारसंहिताभित्र बाँधिएको अवस्थामा मात्रै बजारमा सुशासन कायम हुनेछ।

२०७६ पुस १३ गते संघीय संसदअन्तर्गतको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिले खाद्य व्यवस्था तथा व्यापार कम्पनीको थापाथलीस्थित सदर गोदाममा दलबलसहित अनुगमन गर्‍यो।

अनुगमनका क्रममा समितिका सभापति विमल श्रीवास्तवसहितको संसदीय टोलीले सिमी, फापर, चामललगायतका उपभोग्य वस्तु लेबल ९उत्पादन मिति, उपभोग्य गर्ने मिति, मूल्यसूची र ब्याच नम्बर० विना नै वर्षौंदेखि कम्पनीले बिक्री गर्दै आएको फेला पार्‍यो। स्मरणीय छ, कम्पनीले बिक्री गर्ने यस्ता वस्तु अधिकांश सर्वसाधारणले उपभोग गर्दै आएका छन्।

यस्तो अवस्थामा उपभोक्ता संरक्षण ऐनले कारबाहीको पर्याप्त व्यवस्था गरे पनि संसदीय टोलीले कारबाही गर्ने प्रावधान नभएको भन्दै कम्पनीमाथि कारबाही नगरी त्यसै फर्कियो।

पुस २७ गते उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा विभागीय मन्त्री लेखराज भट्टद्वारा पत्रकार सम्मेलन गरिएको थियो। सम्मेलनका क्रममा मन्त्री भट्ट र सचिवद्वय वैकुण्ठ अर्याल र यामकुमारी खतिवडालाई लेबल उल्लेख नभएको आक्वा हन्ड्रेड ब्रान्डको पानीको बोतल बाँडिएको थियो।

मन्त्री भट्ट र सचिवद्वयको निर्देशनमा वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले दोस्रो दिन नै उक्त पानी उत्पादक कम्पनीबाट उपभोक्ता संरक्षण ऐनअनुसार नगद एक लाख रूपैयाँ जरिमाना गरायो। थप कारबाहीसमेत अघि बढाइएको छ।

२०७५ असोजमा सरकारले उपभोक्ता संरक्षण ऐन २०७५ कार्यान्वयनमा लूयायो। यो ऐनमा पहुँचका भरमा चलखेल गरी जघन्य अपराध गर्ने उद्योगपति तथा व्यापारीलाई सजिलै उन्मुक्ति दिने व्यवस्था गरियो।

कानुन आयोगले तयार पारेको प्रारम्भिक मस्यौदाको दफा ५५ मा ‘जघन्य अपराध गर्ने सञ्चालक वा मालिकलाई नै कारबाहीको दायरामा लूयाउने’ व्यवस्था गरेको थियो। तर उद्योगपति र ठूला व्यापारिक घरानाको ‘पहुँच’ र ‘आर्थिक प्रलोभन’ मा परी उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले ऐनमा भएको व्यवस्थालाई तोडमोड गरी उन्मुक्ति दिने व्यवस्था गर्‍यो।

प्रारम्भिक मस्यौदामा भएको व्यवस्थालाई परिवर्तन गरी मन्त्रालयले जघन्य अपराध गर्ने उद्योगपति वा व्यापारीको स्थानमा कारबाहीको भागीदारीका रूपमा संस्थाको मुख्य प्रशासकीय अधिकारीलाई तोक्यो। त्यति मात्रै होइन, सोही दफाको उपदफा २ मा भने ‘जुनसुकै कुरा लेखिएको भए तापनि आफू मुख्य प्रशासकीय अधिकारी हुनुअगावै भएका कसुर सम्बन्धमा त्यस्तो व्यक्तिले सजायको दायित्व व्यहोर्नुपर्ने छैन’ भन्ने अकी पनि उन्मुक्ति दिने व्यवस्था गरिएको छ।

यसरी यो व्यवस्था गरेर उद्योगपति आफू कारबाही हुनाबाट जोगिए नै। यसबाहेक मुख्य प्रशासकीय अधिकारीलाई कारबाहीको दायरमा उभ्याउने भनिए पनि मुख्य प्रशासकीय अधिकारीले जागिर छाडेको अवस्थामा उसले पनि कारबाही भोग्नुनपर्ने गरी व्यवस्था लूयाइयो।

हालै ‘गरिमा एफ वान हाइब्रिड’ धानको नक्कली बीउका नाममा १३ जिलूलाका ६ हजार नौ सय १५ किसान घरपरिवार ठगिन बाध्य पारिए। नक्कली बीउ प्रयोग गरेका किसानको १७ हजार ८ सय ६ हेक्टरमा धानको बोटमा बाला नलाग्दा २३ करोड रुपैयाँबराबरको धानबालीसमेत नष्ट भयो। गरिमा बीउ प्रकरणमा लागत खर्चअनुसार १७ करोड रुपैयाँ किसानलाई क्षतिपूर्ति दिनुपर्ने यकिन भयो। तर हालसम्म यो विषयमा सरकारले जिम्मेवारी बहन नगर्दा किसान पुर्पुरोमा हात राखेर रुन बाध्य छन्। सरकारको कुनै पनि निकायले जिम्मेवारी बहन नगर्दा नक्कली बीउ बिक्री गर्ने बिक्रेताको मनोबल भने उच्च बनेको छ।

२०७४ भदौंदेखि माघसम्मको अवधिमा साविकको आपूर्ति व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण विभाग ९हाल वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग० ले पहिलोपटक युद्धस्तरमै अधिकांश ठूला घरानामा अनुगमन गर्‍यो। उक्त अनुगमनका विषय सञ्चारमाध्यममा निकै छाइरह्यो। आम उपभोक्ताले उक्त अनुगमनमा मुछिएका ठूला घरानामाथि कारबाही हुने विश्वस्त पनि बने। तर तत्कालीन उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री मात्रिका यादवले अनुगमनको सम्पूर्ण फाइल मन्त्रालयमा झिकाएर भइरहेको अनुगमनमाथि रोक मात्रै लगाएनन्।

शिक्षा, स्वास्थ्य, अटोमोबाइल्स, सिमेन्ट, डन्डी, खाद्यान्नलगायतका ६ दर्जनभन्दा बढी ठूला व्यापारिक घरानामा अनुगमनपश्चात पर्याप्त मात्रामा भेटिएको ‘त्रुटि’ र ‘प्रमाण’ का आधारमा अघि बढाइएको कारबाही प्रक्रिया नै रोकियो। नेपाल उद्योग वाणिज्य महासंघ, उद्योग परिसंघ र चेम्बर अफ कमर्सको दबाबमा परी तत्कालीन मन्त्री यादवले कसैमाथि कारबाही गर्न दिएनन्।

अनुगमनका क्रममा अटोमोबाइल बिक्रेताले प्रति सवारी साधनमा १० देखि ५० लाख अतिरिक्त रकम असुल गरेको, नियमविपरीत अत्यधिक शुल्क विद्यार्थीबाट उठाएको भन्दै १६ विद्यालय र बिरामीबाट बढी रकम लिएको अभियोगमा ६ स्वास्थ्य संस्थामाथि कारबाही गर्न विभागले तत्कालीन समयमा प्रक्रिया अघि बढाएको थियो।

सरकारी अनुगमन कस्ता छन् ? कसरी हुँदै आएको छ ? अनुगमनले बजारलाई कसरी व्यवस्थित र सुशासित गर्दै छ ? नियमनकारी निकायले सरकारी संस्थान र निजी क्षेत्रलाई हेर्ने दृष्टिकोण कस्ता छन् र सुशासनका विधिलाई कसरी पालनामा लूयाइएका छन्जस्ता विषयमाथिका केही प्रतिनिधिमूलक घटनाले छर्लंग हुने गरी प्रस्ट पारेको छ।

व्यावसायिक सुशासन कायम गर्न सञ्चयकर्ता व्यवसायीमाथि कारबाही, उपभोक्ता सचेतना र सरकारको बजार अनुगमन निकायको भूमिका र जिम्मेवारी आआफ्नै हुन्छन्। सबैको भूमिका समान रह्यो भने बजारमा सुशासन आउँछ।

बजार व्यवस्थित बनाउने काममा त्यही सरकारको रबैया उही परम्परागत शैलीको छ। आम उपभोक्तालाई गुणस्तरीय वस्तु आपूर्ति सुनिश्चित गर्न बजारलाई स्वच्छ, पारदर्शी, प्रतिस्पर्धात्मक र अनुशासित बनाएर सुशासन कायम गर्ने जिम्मा सरकारसँगै उद्योगी र व्यवसायीको पनि हुन्। १५ वर्षअघि नियमनकारी निकायले जसरी ससाना खुद्रा पसलमा व्यवसाय दर्ता, मूलूयसूची, ढक तराजु, लेबलजस्ता विषयमा अनुगमन गर्थे।

नियमन आज पनि त्यत्तिमै केन्द्रित छ। संघीय संरचनामा प्रवेश गरेको मुलुकको बजार सुशासन भने निकै फितलो बनेको छ। सरकारी अनुगमनकारी निकाय साना खुद्रेपसलमा अनुगमन गरी आतंक सिर्जना मात्रै गरेको छ। यसले गर्दा न त बजार। न त उत्पादन थलोमा कुनै सुधार आयो। न बजार सुशासनतर्फ अग्रसर भयो। अवस्था जहाँको त्यहीं छ।

बजार अनुगमनको जिम्मा खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, गुणस्तर तथा नापतौल विभाग, पशु सेवा विभाग, औषधि व्यवस्था विभागलगायतको छ। तर यस्ता अनुगमनकारी निकायको अनुगमन राजधानीकेन्द्रित मात्रै छ भन्दा अनुचित नहोला।

राजधानीबाट बाहिरिने प्रमुख राजमार्गमा मात्रै दैनिक एक लाखभन्दा बढी यात्रु खाना, खाजा, पानीसहित अत्यावश्यक वस्तुमा ठगिएका छन्। बजार सुशासन अभावमा आम उपभोक्ता पाइलैपिच्छे गुणस्तर, मूलूय र स्वच्छतामा ठगिएका छन्। तर यस्ता गम्भीर विषयमा आजसम्म सरकारका कुनै पनि निकायले जिम्मेवारी लिएर समस्या समाधान गर्न अग्रसरता देखाएका छैनन्। बजारमा विभिन्न तहमा बिचौलिया सक्रियका कारण प्रत्येक चोकपिच्छे उपभोग्य वस्तुमा न्यूनतम २० देखि ६० रुपैयाँ थपिएका कारण उपभोक्ता ठगिने क्रम जारी छ भने अर्कातर्फ उत्पादकले लागत मूलूय नपाएर पेसाबाटै पलायन हुने अवस्था छ। तर नियमनकारी निकायको पछिल्लो २० वर्षदेखि एउटै तयारी जवाफ हाजिर हुन्छ, ‘हामीसँग आर्थिक स्रोत र दक्ष कर्मचारी पर्याप्त मात्रामा छैनन्।’

पछिल्लो २० वर्षको अवधिमा केही परिवर्तन भएको छ भने उपभोक्ता संरक्षण ऐन नयाँ आएको छ। जुन ऐनले कर्मचारीलाई कार्यथलोमै कैफियतका आधारमा ठूलो आर्थिक जरिमाना गराउन सक्ने असीमित अधिकार दिएको छ। अहिले यो अधिकारका कारण पनि कैफियत भेटिएका व्यापारिक प्रतिष्ठान र उद्योगलाई सजायको भागीदार बनाउन अन्तिम अवस्थासम्म पुर्‍याउन सकिएको छैन। नियमनकारी निकायले जस्तोसुकै गम्भीर प्रकृतिका त्रुटि भेटिए पनि कार्यथलोमै आर्थिक जरिमाना गराएर त्यस्ता व्यापारिक प्रतिष्ठान र उद्योगीलाई सजिलै उन्मुक्ति दिने वातावरण बनेको छ।

उपभोक्तावादी प्रेमलाल महर्जनका अनुसार जुन तहमा नियम, कानुन र कार्यविधिको अक्षरशः पालना हुन्छ, त्यहाँ सुशासन, पारदर्शिता र सदाचार कायम हुन्छ। बजारमा सुशासनको थिति बसालून सरकारको मात्रै जिम्मेवारी हुँदैन। सरकारसँगै व्यवसायी, व्यापारी र उद्योगीको पनि उत्तिकै भूमिका हुन्छ, सुशासन बनाउनका लागि।

महर्जनको अनुभवमा नियमनकारी निकाय र उपभोक्तावादी संस्था बलियो, निष्पक्ष र पारदर्शी छैनन्। ‘बजारमा सुशासनको थिति बसालून नियमनकारी निकाय र उपभोक्तावादी संस्था निष्पक्ष, बलियो, पारदर्शी र जस्तोसुकै दबाब थेग्ने प्रकृतिको हुनै पर्छ’, प्रेमलाल भन्छन्, ‘यसमध्ये एउटा गुणको पनि कमी भयो भने बजारलाई सुशासनको बाटोमा हिँडाउन सकिन्न। नियमनकारी निकाय निकै कमजोर र अपांग छन्। जसले गर्दा उपभोक्ता, व्यापारीदेखि उद्योगी, नेतादेखि मन्त्रालयसम्मको सानो दबाब पनि थेग्न सक्दैन।’

यस्तो अवस्थामा स्वच्छ बजारको कल्पना गर्नु मूर्खता हुने उनको भनाइ छ। बजारमा सुशासन, प्रतिस्पर्धा, पारदर्शिता र सदाचार कायम नहुँदा बजार अराजक मात्रै होइन, दण्डहीनता पनि उत्तिकै बढेको छ। सुशासन अभावमा गुणस्तर, मूलूय र स्वच्छतामा गडबडी गर्ने व्यक्ति, समूह र संस्थाको मनोबलसमेत उच्च बनेको छ।

‘शिक्षा, स्वास्थ्य, अटोमोबाइल, सिमेन्ट, डन्डी, खाद्यान्नलगायतका क्षेत्रमा ठूलो कर्पोरेट हाउस मानिएका उच्च घरानाले गरेका त्रुटिहरूको यथेष्ट प्रमाण हुँदाहुँदै पनि दबाबका भरमा कुनै कारबाही नहुँदा बजार अराजक बनेको हो’, ज्वलन्त उदाहरण दिँदै महर्जनले भने, ‘सुशासन भएको भए यस्ता कर्पोरेट घरानामाथि कारबाही गरेर नियमनकारी निकायले आम जनताबाट वाहवाही लुट्न सक्नुपर्थ्यो।’ विभागीय मन्त्रीको दबाबमा फायल थन्काएर नियमनकारी निकायले आफूलाई निरिह र कमजोर सावित गरेको उपभोक्तावादी महर्जनको अनुभव छ।

अर्का उपभोक्तावादी ज्योति बानियाँले पनि बजारमा सुशासनको अवस्था निकै कमजोर रहेको टिप्पणी गरेका छन्। उनकाअनुसार बजार नियमनका लागि तयार भएको ‘रुल अफ ल’ लागि सही स्थानमा लूयाउनुपर्छ। यसमा भएका कानुनी र नीतिगत संरचना पनि सुशासन बसालूने खालको हुनुपर्छ। ‘उपभोक्ता संरक्षण ऐन त लूयायौं,

(बाँकी ३ पेजमा >>>


## NOVEL CORONA VIRUS (nCOV)
## सर्वसाधारणका लागि जनचेतनामूलक सन्देश

नोवेल कोरोना भाइरसका मुख्य लक्षणहरु ।

१) ज्वरो (१००.४°F भन्दा माथि)
२) श्वास प्रश्वासमा अत्याधिक समस्या
३) रुघा र खोकी



**“कोरोना भाइरस प्रभावित देशहरुबाट आउने मानिसहरुमा दुई हप्ता भित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वास प्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।”**

**नोवेल कोरोना भाइरसबाट कसरी आफू र अरुलाई बचाउने ?**

१) नियमित रुपमा साबुन पानीले हात धुने ।
२) खोक्दा र हाछ्यु गर्दा नाक र मुख छोप्ने ।
३) यदि फ्लू जस्तो लक्षण (**Flu like symptoms**) देखिएमा चिकित्सकसंग परामर्श लिने ।
४) फ्लू जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने ।
५) जंगली तथा घरेलु पशुपन्छीहरुसंगको असुरक्षित सम्पर्कबाट टाढा रहने ।
६) पशुजन्य मासु/अण्डा राम्रोसंग पाकेको मात्र खाने ।

**- विजयनगर गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, कपिलवस्तु**
**- शुद्धोधन गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, कपिलवस्तु**
**- यशोधरा गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, कपिलवस्तु**
**- मायाँदेवी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, कपिलवस्तु**
**- कंचन गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, रुपन्देही**
**- गैडहवा गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, रुपन्देही**



**जनहितका लागि जारी सन्देश**

- पशु चौपायाहरू सडकमा जथाभावी नछोडौं
- राजमार्ग क्षेत्रमा अतिक्रमण नगरौं
वाटो काट्दा दायाँ बायाँ हेरेर मात्र काट्नुहोस्

अनुरोधक :-
हुलाकी राजमार्ग योजना कार्यालय
गोरूसिंङ्गे कपिलवस्तु



**जनहितका लागि जारी सन्देश**

- पशु चौपायाहरू सडकमा जथाभावी नछोडौं
- राजमार्ग क्षेत्रमा बिस्कुन, पराल जस्ता बस्तुहरू नसुकाउनुहोस्

अनुरोधक :-
डिभिजन सडक कार्यालय
शिवपुर, कपिलवस्तु

# हेल्पडेक्स तथ्यांकमा लापरबाही



नेपालगञ्ज, २ चैत

बाँकेको नेपाल-भारत मुख्य सिमानाका जमुनाहमा सञ्चालित कोरोना हेल्थ डेस्कमा यात्रुको स्वास्थ्य परीक्षणको नाम र सङ्ख्याको विवरण राख्न लापरवाही भएको पाइएको छ।

यहाँका प्रमुख जिल्ला अधिकारी कुमारबहादुर खड्का नेतृत्वको टोलीले शनिबार गरेको अनुगमनमा त्यस्तो भएको पाइएको हो । नेपालगञ्ज उपमहानगरपालिकाले दुई स्वास्थ्य कर्मचारीसहित स्थापना गरेको सो डेस्क व्यवस्थित नभएको देखिएपछि अनुगमन टोलीका सदस्य उपमहानगरका प्रमुख प्रशासकीय अधिकृत हरि प्याकुरेलले स्वास्थ्यकर्मीलाई जाँच गरिएका सबैको विवरण राख्न निर्देशन दिनुभयो ।प्रमुख जिल्ला अधिकारी खड्काले शङ्कास्पद व्यक्ति पाइएमा भेरी अस्पतालमा तत्काल पठाउन निर्देशन दिँदै हेल्थ डेस्कमा एम्बुलेन्सको व्यवस्थासमेत गरेको जानकारी दिनुभयो ।

यसैबीच कोरोना भाइरसका कारण हुनसक्ने असहजता तथा सीमाक्षेत्रको समस्याका बारेमा छलफल गर्न बर्दियाको ठाकुरद्वारामा नेपाल-भारत संयुक्त बैठक बस्ने भएको छ । बैठकमा नेपालको बाँके, बर्दिया र दाङका प्रमुख जिल्ला अधिकारी तथा भारतको बहराइच, श्रावस्तीलगायतका जिल्लाका अधिकारीको सहभागिता रहने प्रजिअ खड्काले जानकारी दिनुभयो ।

# आरन पेशाको संरक्षण गरिदैं

पाल्पा २ चैत्र

विश्वकर्मा समुदायको पुर्ख्यौली पेशा आरन लोप हुन नदिन संरक्षण गर्न थालिएको छ । यसको संरक्षणमा रामपुर नगरपालिका वडा नं ४ ले विश्वकर्मा समुदायको चिनारीको व्यवसाय समुदायबाटै लोप हुन थालेपछि संरक्षण गर्न सहयोग गर्न थालेको छ ।

वडा कार्यालयले आरन व्यवसायलाई प्रवर्द्धन र संरक्षण गर्दै जस्तापाता, पङ्खा जस्ता विभिन्न सहयोग गत वर्षदेखिनै गरेको वडा सदस्य पार्वती परियारले बताउनुभयो । वडामा करिब आधा दर्जन आरन व्यवसायी छन् । आरन व्यवसायलाई जोगाउन जस्तापाता र पङ्खा पाएपछि काममा हौसला बढेको सिन्दुरटार बस्ने ६४ वर्षीय मनबहादुर विकले बताउनुभयो ।

“आर्थिक अभावमा आरनको छानो छाउन सकिएको थिएन, वडाले छानो छाउन जस्तापाता र पङ्खा उपलब्ध गराएपछि काम गर्न सहज भएको छ”, विकले भन्नुभयो । उहाँले जीवनको ५७ वर्षको समय आरन व्यवसायमा बिताउनुभयो ।

अहिलेसम्म व्यवसायका लागि कोही कसैबाट सहयोगपाउनुभएको थिएन।सहयोगपछि व्यवस्थित तरिकाले व्यवसाय चलाउने उहाँ बताउनुहुन्छ । यो कामले १५ जनाको परिवारपालनमा सहयोग पुगेको छ। मौलाथरका युवा सुरेन्द्र कामी विसं २०५४ देखि गाउँमा सबैले छाड्दै गएको आरन व्यवसाय जोगाउन दुःखसुखले चलाउँदै आएको छ भन्नुहुन्छ । “पेशा जोगाउन जेनतेनले चलाएका थिए, जनप्रतिनिधि आएपछि पुरानो व्यवसायलाई जोगाउन सहयोग गर्नुभएको छ, असाध्यै खुशी लागेको छ”, उहाँले भन्नुभयो । यही व्यवसायबाट सात जनाको परिवारको गुजारा चलेको उहाको भनाइ छ ।

गामपोखरा बस्ने कृष्णकुमारी कामी हातले कुदेर कलात्मक रुप दिइ गाग्री, ताउला, आम्खोरा, आरी, माना, पाथी फलामबाट कुटो, कोदालो, बञ्चरो, हसियालगायतका विभिन्न सामग्री बनाउने गर्नुहुन्छ । यस व्यवसायमा युवापुस्ताले चासो नदिनु, गाउँघरमा कोइलाको अभाव हुन थालेपछि विश्वकर्मा समुदायको पहिचानका रुपमा रहेको पुरानो आरन व्यवसाय नै लोप हुँदै गएको हो । पुरानो व्यवसाय संरक्षण नहुँदा समुदायको चिनारी नै लोप हुन थालेपछि संरक्षण गर्न थालिएको वडाध्यक्ष एकबहादुर नेपाली बताउनुहुन्छ । “युवापुस्ता आरनसम्बन्धी सीप सिक्न छाडेर विदेशतिर लागे, गाउँमा बसेर पुरानो पेशा सम्हाल्ने कुनै युवा नहुँदा व्यवसाय हराउँदै गएकोले यसको संरक्षणमा वडा कार्यालय लागेको छ”, अध्यक्ष नेपालीले भन्नुभयो । दश वर्ष पहिले यस क्षेत्रमा ५० बढी आरन व्यवसाय सञ्चालनमा थिए । अहिले भने थारैले मात्र यो व्यवसाय चलाएको पाइन्छ ।

# उपचार केन्द्रमै छैन एम्बुलेन्स सेवा

तुलसीपुर २ चैत

दाङको राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान लामो समयदेखि एम्बुलेन्सविहीन भएको छ । एम्बुलेन्स बिग्रिएर थन्किएको १० वर्षभन्दा बढी भइसक्दा अझै मर्मत हुनसकेको छैन । नयाँ एम्बुलेन्स पनि खरिद गरिएको छैन ।

एम्बुलेन्स नहुँदा बिरामीलाई समस्या हुने गरेको छ । तत्कालीन राप्ती उपक्षेत्रीय अस्पताल हुँदा एम्बुलेन्स बिग्रिएको थियो । विसं २०७४ असोज २९ गते प्रतिष्ठान बनेको थियो । हालसम्म प्रतिष्ठानले नयाँ एम्बुलेन्स खरिद गर्न नसकेको र पुरानोलाई मर्मत गर्नसमेत नसकेको प्रतिष्ठानका रजिष्ट्रार रामप्रसाद प्याकुरेलले जानकारी दिनुभयो । “उपक्षेत्रीय हुँदा नै एम्बुलेन्स बिग्रिएको थियो”, उहाँले भन्नुभयो, “तर प्रतिष्ठान बनेको दुई वर्ष बितिसक्दा मर्मत हुनसकेको छैन ।”मर्मत गर्दा धेरै खर्च लाग्ने तथा नयाँ खरिद गर्ने विषयमा तयारी नभएको समेत उहाँले बताउनभयो । “अहिले पुरानो एम्बुलेन्स मर्मत गर्न सकिने अवस्था छैन, महङ्गो खर्च हुन्छ”, उहाँले भन्नुभयो, “नयाँ एम्बुलेन्स खरिद गर्ने विषयमा तयारी छैन ।” उहाँका अनुसार एम्बुलेन्सका लागि दाताको सहयोगको अपेक्षा प्रतिष्ठानले गरेको जनाइएको छ ।

## बजार स्वच्छता र सुशासन...

तर बजारलाई सुशासनतर्फ डोर्‍याउन नदिने व्यक्ति, समूह र संस्थाकै पक्षपोषण हुने गरी लूयायौं', बानियाँ भन्छन्, 'कानुन आफैं बोल्दैन। कार्यान्वयन गर्ने निकाय र अधिकारी बलियो र निडर भएर उत्साहित भएर कार्यान्वयनमा ल्याउनुपर्छ। अनि मात्रै बजारमा सुशासन कायम हुन्छ।'

उनका अनुसार व्यापारी र उद्योगी स्वच्छ बजार र उपभोक्ता हितप्रति उत्तरदायित्व र जिम्मेवार नबन्दासम्म स्वच्छ, पारदर्शी र सुशासित बजारको कल्पना गर्न सकिँदैन। बजारलाई राम्रो बनाउन ऐनले तह निर्धारण र आम उपभोक्तालाई क्षतिपूर्ति उपलब्ध गराउने व्यवस्था गरेको छ। तर राज्यले हालसम्म कुन क्षेत्रमा कतिवटासम्म तह राख्नुपर्ने हो त्यो निर्धारण गर्न नसकेको अवस्था छ। यस्तै उपभोक्तालाई क्षतिपूर्ति उपलब्ध गराउन आवश्यक पर्ने उपभोक्ता अदालतको सबालमा पनि राज्य मौन छ।

'मूल विषयमै सरकारले जवाफदेहिता र उत्तरदायित्व बहन गर्न सकेको छैन भने कसरी बजार सुशासित बन्छ ? ' बानियाँ भन्छन्, 'ऐन, नियम र कार्यविधि सबैका लागि समान रूपमा कार्यान्वयनमा ल्याउनुपर्छ। एउटाका लागि प्रतिशोध साँध्न र अर्कालाई उन्मुक्ति दिने साधनका रूपमा यसलाई व्याख्या र कार्यान्वयनमा ल्याउनु हुन्न।'


वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागका महानिर्देशक नेत्रप्रसाद सुवेदीका अनुसार व्यावसायिक सुशासन कायम गर्न स्टक होर्डर ९सञ्चयकर्ता० व्यवसायीमाथि कारबाही, उपभोक्ता सचेतना र सरकारको बजार अनुगमन निकायको भूमिका र जिम्मेवारी आआफ्नै हुन्छन्। सबैको भूमिका समान रह्यो भने बजारमा सुशासन आउँछ। 'अहिले बजारमा मूल्यवृद्धि, कार्टेलिङ, बिचौलिया, प्रतिस्पर्धात्मक बजार, गुणस्तरमा कमीजस्ता प्रमुख चुनौती देखा परेका छन्', सुवेदी भन्छन्, स्वच्छ र सुशासन बजार कायम गर्न व्यावसायिक आचारसंहिताको पनि भूमिका ठूलो हुन्छ।

हामीकहाँ यस्ता आचारसंहिता बनाइने तर कार्यान्वयनमा नल्याउने परिपाटी पुरानो छ।' उनका अनुसार सुशासनका लागि तयार भएको व्यवस्था पालना भएनभएका विषयमा विभागले नियमन गर्छ। तर विभाग आफैं सबै स्थानमा पुग्न सक्दैन। व्यवसायी र उद्योगी पनि स्वयं आचारसंहिताभित्र बाँधिएको अवस्थामा मात्रै बजारमा सुशासन कायम हुने उनको तर्क छ।

## NOVEL CORONA VIRUS (nCOV)

**सर्वसाधारणका लागि जनचेतनामूलक सन्देश**

नोवेल कोरोना भाइरसका मुख्य लक्षणहरु ।



१) ज्वरो (१००.४˚F भन्दा माथि)
२) श्वास प्रश्वासमा अत्याधिक समस्या
३) रुघा र खोकी

**“कोरोना भाइरस प्रभावित देशहरुबाट आउने मानिसहरुमा दुई हप्ता भित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वास प्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।”**

**नोवेल कोरोना भाइरसबाट कसरी आफू र अरुलाई बचाउने ?**

१) नियमित रुपमा साबुन पानीले हात धुने ।
२) खोक्दा र हाच्छ्यु गर्दा नाक र मुख छोप्ने ।
३) यदि फ्लू जस्तो लक्षण (Flu like symptoms) देखिएमा चिकित्सकसंग परामर्श लिने ।
४) फ्लू जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने ।
५) जंगली तथा घरेलु पशुपन्छीहरुसंगको असुरक्षित सम्पर्कबाट टाढा रहने ।
६) पशुजन्य मासु/अण्डा राम्रोसंग पाकेको मात्र खाने ।

**– बाणगंगा नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, सिद्धिपुर कपिलवस्तु**
**– बुद्धभुमी नगरपालिका,नगरकार्यपालिकाको कार्यालय, बुढ्ढी , कपिलवस्तु**
**– शिवराज नगरपालिका ,नगरकार्यपालिकाको कार्यालय, चन्द्रौटा ,कपिलवस्तु**
**–कपिलवस्तु नगरपालिका ,नगरकार्यपालिकाको कार्यालय, तौलिहवा, कपिलवस्तु**
**– कृष्णनगर नगरपालिका,नगरकार्यपालिकाको कार्यालय, कृष्णनगर कपिलवस्तु**
**– शितगंगा नगरपालिका,नगरकार्यपालिकाकोकार्यालय, ठाडा ,अर्घाखाँची**
**– सिद्धार्थ नगरपालिका,नगरकार्यपालिकाको कार्यालय भैरहवा ,रुपन्देही**
**– सैनामैना नगरपालिका,नगरकार्यपालिकाको कार्यालय, बुद्धनगर,रुपन्देही**
**– बर्दघाट नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, बर्दघाट सुस्ता पश्चिम नवलपरासी**

## बुद्धभूमी नगरपालिका

**नगर कार्य पालिकाको कार्यालय**

**हनुमानचोक-बुड्ढी ,कपिलवस्तु**

**प्रदेश नं.५**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना ।

प्रकासित मिति:२०७६/१२/०३

यस कार्यालयबाट मिति २०७६ माघ ७ र ८ गतेको प्रकाशित सुचना अनुसार तपसील बमोजिमको योजनाहरुको खरिद /निर्माण कार्यको लागि बिद्धुतिय माध्यमबाट बोलपत्र आव्हान सम्बन्धि सुचना प्रकासन गरिएकोमा म्याद भित्र सिस्टममा रित पूर्वक दर्ता हुन आएका वोलपत्रहरु मध्ये तपशिलमा उल्लेखित वोलपत्रदाताहरुले पेश गरेका वोलपत्र न्यूनतम मुल्यांकिंत तथा सारभुत रुपमा प्रभावग्राही रहेका भनि वोलपत्र मुल्याकंन समितिबाट सिफारिश भै आएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ तथा नगरपालिकाको सार्वजनिक खरीद नियमावली २०७६ को नियम ६३ को प्रयोजनार्थ सम्वन्धितहरुको जानकारीको लागि यो वोलपत्र स्वीकृत गर्ने आशयको ७(सात) दिने सुचना प्रकासित गरिएको छ ।

| क.सं. | ठे.नं. | विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम (भ्याट र P.S.समेत) रु. |
|---|---|---|---|---|
| १ | 20/BM/POG /076/077 | Purchasing of CGI sheet for surakchit Awash Karyakram(Karkat Pata Kharid) | श्री हुलास स्टिल, काठमाडौ। | ६१,४४,८३३.७८ |
| २ | 21/BM/BDG /076/077 | Construction of First Floor Office Building of ward no.1 Bhelai | श्री शाही पोखेल कन्ट्रक्सन बुद्धभूमी नगरपालिका ,कपिलवस्तु | ३३,९९,२६९.९९ |
| ३ | 22/BM/RD/ 076/077 | Construction of Asphalt Concrete Pavement Road on 1) 5 No Wada karyalaya jaani sdak, Buddhabhumi - 5 Rajpur 2) Hariharpur Paschim gaun dekhi wada karyalay hudai Pachigawa sadak, Buddhabhumi - 8 Hariharpur 3) bhairampur,kilauli,milanchowk sadak, Buddhabhumi - 4 buddhi 4)prasurampur,dhankauli,hariharpur hudai khairahaniya maharajjung sadak Buddhabhumi - 8 | श्री नविन कन्ट्रक्सन जहादा ६, | १३,६३,६५७२.२५ |

लिल बहादुर राउत क्षेत्री
प्रमुख प्रशासकीय अधिकृत

## कृष्णनगर नगरपालिका

**नगर कार्यपालिका कार्यालय**

**कृष्णनगर कपिलवस्तु**

**प्रदेश नं. ५ नेपाल**

## सेवा करारमा लिने सम्बन्धमा

प्रथम पटक प्रकाशित मिति २०७६/१२/०३

कृष्णनगर नगरपालिका नगर कार्यपालिकाको मिति २०७६/११ /१९ गतेको निर्णय अनुसर २०७६ /७७ को लागि खोप कार्यकर्ता करारमा लिनुपर्ने भएकोले इच्छुक नेपाली नागरिकबाट निम्न सर्त बमोजिम दरखास्त आव्हान गरिएको छ।

| क्र. सं. | बिज्ञापन नं. | पद | तह | पद संख्या |
|---|---|---|---|---|
| १. | स्व.०१ /०७६ /०७७ | अ.हे.वा | सहायक चौथो | ३ |
| २. | स्व.०२ /०७६ /०७७ | अ. न. मि | सहायक चौथो | ३ |

१. न्युनतम शैक्षिक योग्यता : लोकसेवा आयोगले सम्बन्धित पदको लागि तोकेको न्युनतम शैक्षिक योग्यता कायम गरिएको छ।
२. परिक्षको किसिम : अन्तरबार्ता
३. आबेदन दिने अन्तिम मिति :सूचना प्रकासित भएको १५ दिन भित्र
४. आबेदन बुझाउने स्थान : कृष्णनगर नगरपालिकाको कार्यलय
५. आबेदन साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु : शैक्षिक योगताको प्रमाण पत्र, नागरिकता को प्रमण पत्र, काउन्सिल दर्ताको प्रमाण पत्र , अनुभबको प्रमाण पत्र, आदि ।
६. परिक्षको दस्तुर : रु ५००
७. सम्पर्क मिति स्दरखास्त दिने समय समाप्त भएको अकी दिन
८. तलब तथा अन्य सेवा : कृष्णनगर नगरपालिकाको नियमानुसार ।

थप जानकारीको लागि सम्पर्क: ०७६-५२०१४७,९८५७०८५१११

**चन्द्रराम चौधरी**
**नि.प्रमुख प्रशासकीय अधिकृत**

## राष्ट्रिय औद्योगिक सर्वेक्षण, २०७६

## तथ्याङ्क कार्यालय कपिलवस्तुको अनुरोध

औद्योगिक तथ्याङ्कको एक महत्वपूर्ण स्रोत राष्ट्रिय औद्योगिक सर्वेक्षण,२०७६ को स्थलगत तथ्याङ्क संकलन कार्य २०७६ फागुन दोस्रो सातादेखी देशभर भैरहेको छ । यसै क्रममा यस कार्यालयबाट खटिआउने गणकहरुलाई प्रशनावली बमोजिमको विवरण उपलब्ध गराई सर्वेक्षण कार्य सफल पार्न यस तथ्याङ्क कार्यालले सबै उद्योग प्रतिष्ठानहरुलाई हार्दिक अनुरोध गर्दछ । सर्वेक्षणमा उपलब्ध गराईएका विवरणहरु तथ्याङ्क ऐन,२०१५ अनुसार गोप्य रहने र केवल सामुहिक रुपमा तथ्याङ्कीय प्रयोजनको लागि मात्र प्रयोग गरिने छ ।

**तथ्याङ्क कार्यालय**
**कपिलवस्तु**
**०७६-५६००६१**

# कोरोनाको जोखिम रोक्न यात्रुको तापक्रम मापन




रुपन्देही २ चैत्र

कोरोनाको जोखिमबाट बच्न तथा सार्वजनिक यातायात सेवालाई सुरक्षित वनाउन पश्चिम नेपाल वस व्यवसायी प्रालिले यात्रुहरुको तापक्रम मापन गर्ने भएको छ।

कोरोनाको जोखिम न्यूनिकरण गर्न अव वसवाट यात्रा गर्ने हरेक यात्रुको तापक्रम मापन गर्ने व्यवस्था आईतवारदेखि नै लागू गरिएको प्रालिका अध्यक्ष दधि खरेलले बताउनु भयो । प्रालिले विहिवार बुटवलमा पत्रकार सम्मेलनको आयोजना गरी प्रालि मातहत रहेका विभिन्न स्थानका टिकट काउण्टरहरुमा यात्रुहरुको तापक्रम मापन गरेर मात्र यात्रा गर्ने व्यवस्था मिलाउने जनाएको हो।

प्रालिले वस सेवा संचालनमा रहेका सडक खण्डहरुका टिकट बुकिङ काउण्टरहरु बेलहिया, भैरहवा, बुटवल, तौलिहवा, कृष्णनगर, परासी, महेशपुर, तानसेन, तम्घास र सन्धिखर्कमा आफ्नै लगानीमा खरिद गरिएको उपकरणबाट यात्रुहरुको तापक्रम मापन गर्ने व्यवस्था गरेको अध्यक्ष खरेलले जानकारी दिनुभयो।

संक्रमित व्यक्तिको पहिचान गर्न समेत सहयोग होस् भनी तापक्रम मापन गर्ने व्यवस्था गरिएको प्रालिले जनाएको छ।

त्यसैगरी उच्च ज्वरो आएका तथा जोखिम भएको आशंका गरिएका यात्रुलाई नजिकको स्वास्थ्य चौकीसम्म लगेर उपचारमा सहयोग गर्ने समेत अध्यक्ष खरेलले जानकारी दिनुभयो।

खरेलले कोरोना भाईरसको संक्रमणको त्रासको कारण सरकारले बढी भीडभाड हुने कार्यक्रम नगर्न र भीडभाडमा नजान आग्रह गरिरहँदा यसको प्रभाव यातायात क्षेत्रमा समेत परेपनि पहिलो काम यात्रुहरुको सुरक्षा गर्नु रहेकोले तापक्रम जाँचेर मात्र टिकट काट्ने व्यवस्था गरिएको जानकारी दिनुभयो।

त्यसका लागि सवै काउण्टरमा उपकरण ल्याईएको र आफ्नै कर्मचारीमार्फत तापक्रम मापन गरी उनीहरुको अवस्था जानकारी गराउने व्यवस्था गरिएको पनि अध्यक्ष खरेलले जानकारी दिनुभयो।

एकजना संक्रमितबाट सवारी साधनमा रहेका अन्य यात्रुहरुको समेत स्वास्थ्य जोखिममा रहने भएको र सरकारले विभिन्न स्थानमा तापक्रम मापन गर्ने व्यवस्था गरिरहेको अवस्थामा आफूहरुले पनि टिकट काउण्टरहरुबाट तापक्रम जाँचको व्यवस्था गरिएको अध्यक्ष खरेलको भनाई छ।

उता कोरोना भाइरस संक्रमणको त्राससंगै सार्वजनिक यातायातमा यात्रुहरुको संख्या आधा घटेको पनि प्रालिले जनाएको छ।

अध्यक्ष खरेलले यात्रुको सुरक्षाको व्यवस्थामा ध्यान दिने गरिएको भएपनि कोरोनाको त्रासले यात्रुहरुको संख्या घट्दै गएको बताउनु भयो।

विगतमा महाभुकम्पको बेला उद्धार र राहतसंगै विभिन्न समयमा बाढी पहिरोमा परेकाहरुलाई आर्थिक तथा खाद्यान्न सामाग्री सहयोग गर्दै आएको प्रालिले देशलाई अप्ठ्यारो पर्दा व्यवसायीहरु सधै सहयोगीको रुपमा उभिने गरेको अध्यक्ष खरेलले बताउनु भयो।

# ठुलो परिमाणमा लागु औषध बरामद



कपिलवस्तु, २ चैत्र

कपिलवस्तु प्रहरीले जिल्लाको शिवराज नगरपालीकावाट ठुलो परिणाममा लागु औषध चरेस वरामद गरेको छ। प्रहरीले विशेष सुराकीका आधारमा शिवराज नगरपालीकाको रहतकोटवाट आइतवार विहान साडे ९ वजे चरेस सहित ३ जनालाई नियन्त्रणमा लिएको हो । प्रहरीले १८ किलो चरेस सहित दाङ र रोल्पाका ३ जनालाई नियन्त्रणमा लिएको हो । प्रकाउ पर्नेमा दाङ जिल्ला हसिपुर गाँउपालीका वडा नं ३ का ३१ वर्षिय रङतुल मिया, राप्ती गाँउपालिका १ लालमटिका ४१ वर्षिय जितमान मिया र रोल्पा सुनछहारी गाँउपालिका वर्ष ४१ का जिपी वुढा रहेको जिल्ला प्रहरी कार्यालय कपिलवस्तुका प्रहरी नायव उपरिक्षक सुनिल मल्लले जानकारी दिनु भयो । प्रहरीले थप अनुसन्धान जारी राखेको र कानुनी कारवाहिका लागि अघि बढाएको छ।

# असिना पानीले लाखौंको अन्न बाली नष्ट

कपिलवस्तु २ चैत्र

अर्घाखाँची जिल्लाको शितगंगा नगरपालीकाका विभिन्न स्थानमा गएराती परेको असिना पानीका कारण लाखौ रुपैया वरावरको तरकारी तथा अन्नवालीमा क्षती भएको छ । नगरको वडा नं ३,४,१० र १२ वार्डमा कृषकहरुले लगाएको तरकारी, फलफूल र अन्नबालीमा क्षती भएको हो भने व्यबसायिक रुपमा बनाईएका फर्महरु समेत भत्किएको किसानहरुले वताएका छन् । शनिवार राती परेको असिनाका कारण कमजोर अबस्थाका घर तथा गोठहरु समेत भत्तिकएको वताईएको छ। चार फिट सम्म असीना परेको थियो । असिनाका कारण सन्धिखर्क गोरुसिङ्के सडक केहि समय अवरुद्ध भएको थियो। अहिले यातायात नियमित रुपमा सूचारु भएको छ । असिना पानीका कारण क्षतीको विवरण संकलन भईरहेको नगरले जनाएको छ।

उता जिल्लाको नरपानी क्षेत्र हिउँले सेताम्मे भएको छ । शनिवार राती असीना संगै हिउ परेपछि त्यस क्षेत्रका डाँडाँकाडा सेताम्मे भएका हुन् । सन्धिखर्क नगरपालीका वडा नं ६ को नरपानी र ७ को खाँचीकोट क्षेत्रमा हिउँ परेपछि जनजीवन प्रभावित भएको स्थानीयले वताएका छन्। तर, हिउँ परेसँगै हिउँ खेल्नेहरुको भीडभाड नरपानी क्षेत्रमा आईतवार दिनभर बढेको थियो । शनिबार परेको हिमपातले नरपानी क्षेत्रमा किसानले लगाएका हिउँदे बालीमा क्षति पुर्‍याएको वताईएको छ।

यसैविच पाल्पा जिल्लाका तिनाउ, रिब्दीकोट र रैनादेवी छहरा गाउँपालिकाका विभिन्न स्थानमा शनिबार राति परेको असिना पानीले लाखौंको तरकारी र अन्नबाली नष्ट गरेको छ। भित्र्याउने तयारी अवस्थामा रहेका अन्नबालीमा क्षति पुर्‍याएपछि किसान चिन्तित भएका छन्। ठूल्ठूला असिना, पानी र हुरीले गहुँ, जौं, आलु, तरकारी, मटरकोसा, फलफूलमा क्षति पुगेको तिनाउ गाउँपालिका-५ मरामकोटका गणेश दर्लामीले वताउनु भयो। यस्तै अर्घाखाँचीको सितगंगाका विभिन्न स्थानमा गएराती आएको असिना पानी तथा हिउले अन्नवाली नस्ट वनाएको किसानले वताएका छन्।

# दुई मुस्लिम संगठनबीच एकता





रुपन्देही २ चैत

नेपाल कम्युनिष्ट पार्टी (नेकपा) निकट दुई मुस्लिम संगठनबीच एकता भएको छ ।तत्कालिन एमाले निकट मुस्लिम इत्तिहाद संगठन र तत्कालिन माओवादी निकट मुस्लिम मुक्ति मोर्चा नेपालबीच एकता भएको हो। एकतापछि संगठनको नाम मुस्लिम संगठन नेपाल राखिएको छ । गत फागुन ११ गते दुई संगठनबीच एकता भएको थियो । सोही मुस्लिम संगठन नेपालका प्रदेश पाँचका पदाधिकारी र सदस्यहरुलाई सपथ गराइएको छ।

प्रदेश पांचका मुख्यमन्त्री शंकर पोखरेलले एक कार्यक्रमबीच सपथ गराउनु भएको हो । त्यस अवसरमा बोल्दै मुख्यमन्त्री शंकर पोखरेलले बलियो कम्युनिष्ट पार्टी बनाउने गरी दुई पार्टीबीच एकता भएको बताउनुभयो। उहाँले जनताका अगाडी पार्टीलाई सशक्त बनाउने गरी पार्टीका नीति तथा कार्यक्रमहरुलाई जनताबीच लैजाने गरी काम गर्न मुस्लिम संगठनमा आवद्धहरुलाई आग्रह गर्नुभयो।

# फरक घट्नामा दुईको मृत्यु



अर्घाखाँची, २ चैत

अर्घाखाँचीको शितगङ्गा नगरपालिकामा एक १० वर्षीय बालकको असिनापानीले चुटेर मृत्यु भएको छ । नगरपालिका-१२ रजिया रातामाटाका १० वर्षीय विकास नेपालीको गएराति परेको असिनापानीले कुटेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालय अर्घाखाँचीका प्रहरी नायब उपरीक्षक प्रकाश विष्टले बताउनुभयो।

सुस्त मनस्थितिका नेपाली हिजो दिउँसो रजियाको रातामाटाको घरबाट हिँडेको र डोहोटेको कुँडुले जङ्गलमा बाटोको कुनामा मृत भेटिएका हुन् । बाक्लो असिनाले चुटेरनै बालकको मृत्यु भएको प्रहरीको प्रारम्भिक अनुसन्धान छ। घटनाबारे अनुसन्धान भइरहेको छ।

यस्तै भुमिकास्थान नगरपालिका ९ ढिकुराको चरेपानीको भिरबाट लडेर एक युवाको मृत्यु भएको छ। पातले खोलाको भिरबाट लडेर ३८ वर्षीय सालिक बहादुर वलालको मृत्यु भएको जिल्ला प्रहरी कार्यलय अर्घाखाँचीका प्रहरी नायव उपरीक्षक प्रकाश बिष्टले जानकारी दिनु भयो । गौचोरबाट चरेपानी फर्कने क्रममा साघुरो बाटोमा हिउ परेको र सोहि हिउँवाट चिप्लीएर खोलामा खसेर मृत्यु भएको हुन सक्ने प्रहरीले जनाएको छ । हिउँले पुरिएको अवस्थामा वलालको फेला शब देखेपछि स्थानीयहरुले प्रहरीलाई खबर गरेका थिए। घटनाको बारेमा अनुसन्धान भइरहेको प्रहरीले बताएको छ।










**कमन नेपाल प्रा. लि.**द्वारा प्रकाशित **राष्ट्रिय दैनिक बुद्ध दर्पण**का लागि प्रबन्ध निर्देशक : **लक्ष्मण बेल्बासे**, अतिथि सम्पादक : **नारायणप्रसाद पौडेल**, प्रधान सम्पादक: **बसन्त गिरी**,
सम्पादक : **पार्वती पाण्डे**, प्रबन्ध-सम्पादक : **डिलाराम भुसाल**, बजार व्यवस्थापक : **रामु पौडेल**, कम्प्युटर सेटिङ्ग : **शैलेन्द्र कुमार चौधरी**
**प्रधान कार्यालय** : बाणगंगा नगरपालिका-४, कपिलवस्तु, **फोन नं.** ०७६-५५०२६०, **फ्याक्स**: ०७६-५५०२६०, प्रकाशन कार्यालय बुटवल उ.म.न.पा.-८ रुपन्देही , प्रदेश नं. ५ , **ईमेल**: buddhadarpan@gmail.com **मुद्रण**: कलर अफसेट प्रेस, बुटवल, रुपन्देही